# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः .............
च.नं.: .................

त्रिभुवन विश्वविद्यालय नेपाल ल क्याम्पस

मिति : २०७९/१०/२४

## इर्न्टनको रुपमा कार्य गर्ने सम्बन्धी सूचना ।

यस क्याम्पस र काठमाडौं महानगरपालिका बीच काठमाडौं महानगरपालिका र सो अन्तर्गतका वडा कार्यालय तथा अन्य कार्यालयहरूमा कानुनी परामर्श सेवा प्रदान गर्न मिति २०७९/१०/१७ गते सम्पन्न भएको समझदारीपत्र (MOU) बमोजिमको कार्य गर्न यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई तपसिल बमोजिम हुने गरी आवेदन फाराम दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. इर्न्टनको रुपमा जम्मा ३५ (पैतिस) जना विद्यार्थीहरु कार्य गर्न पाउनेछन् ।
२. यस क्याम्पसको बी.ए.एलएल.बी. तहको आठौं, नवौं र दशौं सिमेष्टर, एलएल.बी. तह तेस्रो वर्षमा तथा एलएल.एम. तह विहानी सत्रमा अध्ययनरत विद्यार्थीले मात्र आवेदन दिन सक्नेछन् ।
३. कुनै सरकारी वा गैरसरकारी वा निजी फर्म कम्पनि समेतमा कार्यरत विद्यार्थीहरुले आवेदन दिन सक्ने छैनन ।
४. कार्य गर्ने समय विहान ११:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म हुनेछ ।
५. आवेदन पेश मिति २०७९/१०/२४ देखि २०७९/१०/२९ गतेसम्म विहान ११:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म गर्नुपर्नेछ ।
६. इर्न्टन छनौटको प्रक्रिया र आधार यस क्याम्पसले तोके बमोजिम हुनेछ ।
७. निर्धारित अवधिपछि प्राप्त निवेदन उपर कुनै कारवारही हुने छैन् ।
८. छनौट भएको विद्यार्थीले सम्झौता भएको मितिले कम्तिमा ६ महिनासम्म क्याम्पसले तोकिदिएको वडामा इर्न्टनको रुपमा कार्य गर्नु पर्ने छ ।
९. छनौट भएको विद्यार्थीले मिति २०७९/११/०१ गतेदेखि क्याम्पसले तोकेका काठमाडौं महानगरपालिकाका वडामा गई कार्य गर्नुपर्नेछ ।
१०. इर्न्टन कार्यका लागि छनौट भएका विद्यार्थीहरुलाई इर्न्टन कार्य गरे वापत प्रति इर्न्टन प्रति महिना रू.१५,०००।- (पन्ध्र हजार रुपैयाँ मात्र) काठमाडौं महानगरपालिकाले उपलब्ध गराउने छ ।
११. आवेदन फाराम क्याम्पसको दर्ता शाखाबाट प्राप्त गरी फराम भरी सोही शाखामा बुझाउनु पर्नेछ ।
१२. झूठ्ठा विवरण भरी पेश गरेको पाइएमा त्यस्ता विद्यार्थीहरुको फर्म रद्द गरिनेछ ।

डा. डि.एन. पराजुली
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख

फोन : ९७७-०१-४२२५३५८, ०१-४२६८५७८, फ्याक्सः ९७७-०१-४२३२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np